# ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान)
## निर्वाचन अधिकृतको कार्यालय
## माली गाउा, काठमाण्डौ,
## २०६८ भाद्र १९ गते हुने निर्वाचन प्रयोजनार्थ

**विषय :- कार्यकारीणी समितको निर्वाचन ।**

ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान), केन्द्रीय कार्यकारीणी समितिका सम्पूर्ण पदको (अध्यक्ष, प्रथम उपाध्यक्ष, द्धितिय उपाध्यक्ष, महासचिव, सचिव, कोषध्यक्ष र आठ सदस्य पदको लागि मिति २०६८।०५।१९ मा हुने निर्वाचनका सम्बन्धमा निम्नानुसारका कार्यक्रम प्रकाशित गरिएको छ :-

(क) निर्वाचन हुने पद :- ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान), केन्द्रीय कार्यकारीणी समितिका सम्पूर्ण पद ( अध्यक्ष, प्रथम उपाध्यक्ष, द्धितिय उपाध्यक्ष, महासचिव, सचिव, कोषध्यक्ष र आठ सदस्य)

(ख) मतदाताको नामावली प्रकाशन मिति :- २०६८।०५।१२ गते बेलुकी ४ बजे

(ग) मतदाता नामावलीमा दावी विरोध मितिः-२०६६।०५।१३ गते, बिहान १० बजेदेखि २ बजेसम्म

(घ) दावी विरोध पछिको अन्तिम नामावली प्रकाशन मिति र समय :-२०६६।०५।१३ गते, अपरान्ह २.१५ बजे

(ङ) उमेदवारकालागि दरखास्त मिति र समयः-२०६६।०५।१४ गते, अपरान्ह १ बजेदेखि ४ बजेसम्म

(च) उमेदवारहरुको नामावली प्रकाशन मिति र समय :- २०६६।०५।१४ गते, अपरान्ह ४.३० बजे

(छ) उमेदवारीको दरखास्तमा दावीविरोधको मिति र समय :- २०६६।०५।१४ गते, अपरान्ह ४.३० बजेदेखि ५.३० बजेसम्म

(ज) उमेदवारहरुको दावीविरोध उपर निर्वाचन अधिकृतले निर्णय गरी दोश्रो नामावली प्रकाशन मिति र समय :- २०६६।०५।१४ गते, अपरान्ह ५.४५ बजे

(झ) उमेदवारले नाम फिर्ता लिने मिति र समयः- २०६६।०५।१५ गते, अपरान्ह ३ बजेदेखि ५ बजेसम्म

(ञ) उमेदवारको अन्तिम नामावली प्रकाशन मिति र समय :- २०६६।०५।१५ गते, अपरान्ह ५.१५ बजे

(ट) मतदान मिति, समय र स्थान :- २०६६।०५।१९ गते, अपरान्ह १ बजे देखि ४ बजे सम्म, साधारण सभा स्थल, काठमाण्डौ ।

(ठ) मतगणना मिति र समय :- २०६६।०५।१९ गते मतदान समाप्त भएपछि ।

(ड) निर्वाचन परिणाम :- मतगणना समाप्त भएपछि ।

(ढ) निर्विरोध भएमा :- निर्विरोध निर्वाचित भएमा अन्य कार्यक्रम बिना नै घोषणा गरिनेछ ।

(ण) उमेदवार हुन वान्छनिय योग्यता :- ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) को सदस्य (सदस्य एजेन्सिको सञ्चालक समितिमा रहेको व्यक्ति मात्र) भएको ६ मिहिना पुरा गरी एउटा बार्षिक साधारण सभामा भाग लिएको हुनु पर्नेछ ।

(त) मतदाता हुन वान्छनिय योग्यता :- ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) को सदस्य (सदस्य एजेन्सिको सञ्चालक समितिमा रहेको व्यक्ति मात्र) भएको ६ मिहिना पुरा गरेको हुनु पर्नेछ ।

..............

(तुलसी भट्ट)

निर्वाचन अधिकृत

निर्वाचन अधिकृतको कार्यालय

**ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) को**
**कार्यकारीणी समितिको**
**निर्वाचनको लागि जारी गरिएको**
**<u>निर्वाचन कार्यबिधि</u>**

ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) को ३३ औं बार्षिक साधारण सभाका दिन मिति २०६८।०५।१९ गते सम्पन्न हुन गैरहेको कार्यकारीणी समितिको निर्वाचन, २०६८ को प्रयोजनको निमित्त टानको विधान, २०६५ ( २०३५ र त्यसपछिका संशोधित स्वरुप) को दफा ३३ को उपदफा (२) बमोजिम निम्न लिखित "निर्वाचन कार्यविधि" सरोकारवाला सबैको जानकारीको लागि प्रकासित गरिएको छ।

१. ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) ले विधान बमोजिम बैध रहेका निर्वाचनमा सहभागी हुन योग्य सदस्यहरुको नामावली मिति २०६८।०५।०८ गते दिउसो १ बजेभित्र निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।
२. टानले विधान बमोजिम निर्वाचन अधिकृतलाई उपलब्ध गराएको निर्वाचनमा सहभागी हुन योग्य सदस्यहरुको नामावली नै दावी विरोध पूर्वको आधिकारिक मतदाता नामावली मानिनेछ।
३. टानको निर्वाचनमा उम्मेदवार हुन । प्रस्तावक रहन । समर्थक रहन । मतदान गर्न अनुसूची १ मा तोकिएको ढाचाको प्रतिनिधि पत्रमा कम्तीमा म्यानेजिङ्ग डाइरेक्टर वा डाइरेक्ट (संचालक) को दस्तखत द्वारा प्रमाणित गरी एजेन्सीको लेटरहेडमा सफासंग लेखि वा टाईप गरी एजेन्सीमा कम्तीमा संचालक समितिमा रहेको संचालकलाई प्रतिनिधि नियुक्त गर्नु पर्नेछ र त्यस्तो प्रतिनिधि पत्र निर्वाचन अधिकृत समक्ष प्रस्तुत गर्नु पर्नेछ। (टानको ३१ औं साधारण सभाबाट विधानको दता १० को उपदफा (९) मा संशोधन भई जिल्ला प्रशासन कार्यालयबाट मिति २०६८।४।१३ मा स्विकृत भएबमोजिम) । मिति २०६८।०५।१९ मा हुने निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न सदस्य सस्थाको शेयरधनी भई संचालक समितिमा संचालकको हैसियतमा रहेको व्यक्ति वा प्रोप्राईटर वा साझेदार हुन अनिवार्य गरिएको छ।
४. एउटा सदस्य एजेन्सीबाट दुईवटा प्रतिनिधि पत्र दाखिल हुन आएमा त्यस्तो प्रतिनिधि पत्रको साथमा अर्को प्रतिनिधि पत्र खरेज गरेको पत्र सामेल हुनु पर्नेछ, अन्यथा जुन प्रतिनिधि पत्र अगाडि दाखिल भएको छ सोही प्रतिनिधि पत्रलाई मान्यता दिईनेछ।
५. निर्वाचन हुने पदहरु :
   क) अध्यक्ष - १
   ख) प्रथम उपाध्यक्ष - १
   ग) द्वितिय उपाध्यक्ष - १
   घ) महासचिव - १
   ङ) सचिव - १
   च) कोषाध्यक्ष - १
   छ) सदस्य - ८
६. टानको निर्वाचनमा उम्मेदवार हुने सदस्यको हकमा विगत ६ महिना पूर्वदेखि टानको वैध सदस्य भई कम्तीमा एउटा वार्षिक साधारण सभामा भाग लिएको हुनु पर्नेछ भने प्रस्तावक रहन । समर्थक रहन । मतदान गर्न विगत ६ महिना पूर्व देखि टानको वैध सदस्य भएको हुनु पर्नेछ। (टानको ३१ औं साधारण सभाबाट विधानको दता १० को उपदफा (९) मा संशोधन भई जिल्ला प्रशासन कार्यालयबाट मिति २०६८।४।१३ मा स्विकृत भएबमोजिमको सदस्य मात्र)
७. टानको निर्वाचनमा उम्मेदवार हुन चाहने सदस्यले आफुलाई चाहिने प्रस्तावक र समर्थकको व्यवस्था आफै मिलाउनु पर्नेछ।

८. प्रस्तावक र समर्थक रहने सदस्यले प्रतिस्पर्धी पद भन्दा बढीमा प्रस्तावक र समर्थक बस्न पाउने छैनन । यदी कुनै सदस्य प्रतिस्पर्धी पद भन्दा बढीमा प्रस्तावक र समर्थक रहेको पाईएमा पछि दर्ता भएको उम्मेदवारी बदर हुनेछ ।

९. अनुसूचि २ मा उल्लेख भएको तरिकाबाट सदर मत नदिई बदर मत दिएमा त्यस्तो मत बदर हुनेछ । कुनै मत सदर वा बदर गर्ने अन्तिम अधिकार निर्वाचन अधिकृतलाई मात्र हुनेछ ।

१०. आवश्यक पद भन्दा बढी संख्यामा उम्मेदवारी नपरेमा त्यस्तो पदमा निर्विरोध निर्वाचन भएको मानिनेछ ।

८. निर्वाचन कार्यक्रम सम्बन्धि दावी विरोध लगायत सम्पूर्ण कार्य निर्वाचन अधिकृतको कार्यक्षेत्रमा गर्नु पर्नेछ । र निर्वाचन सम्बन्धी बिषयमा कुनै विवाद उठेमा वा निर्वाचन सम्बन्धी सम्पूर्ण कुराको निर्णय निर्वाचन अधिकृतले गरेबमोजिम हुनेछ । यसरी निर्वाचन अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. निर्वाचनसंग सम्बन्धीत कार्यविधि जस्तै : मतदाता र उम्मेदवार नामावली प्रकासन, दावी विरोध, दावी विरोध पछिको मतदाता र उम्मेदवार नामावली प्रकासन, उम्मेदवारी दरखास्ता दाखिला, प्रतिनिधि प्रमाण पत्र दाखिला लगायतका मतदान पूर्वका सम्पूर्ण कार्यविधि टानको कार्यालयमा सम्पन्न हुनेछ ।

१३. मतदान, मदगणना, परिणाम घोषणा, विजयी प्रमाण पत्र वितरणको कार्य टानको बार्षिक साधारण सभा स्थलमा हुनेछ ।

..............

(तुलसी भट्ट)

निर्वाचन अधिकृत

निर्वाचन अधिकृतको कार्यालय

**अनुसूची २**

## मतपत्र सदर तथा बदर गरिने निर्देशिका

| सदर मतपत्र | बदर मतपत्र | बदर हुने कारण |
|---|---|---|
| १. उम्मेदवार ☐ | १. उम्मेदवार ☐ | (रेजा बाहेकको अन्य चिन्ह अक्षर अंकित) |
| २. उम्मेदवार ☐ | २. उम्मेदवार ☐ ☐ | (एक भन्द बढी कोठालाई रेजाले छोएको) |
| ३. उम्मेदवार ☐ | ३. उम्मेदवार ☐ | (रेजाको कोण बाहिर परेको) |
| ४. उम्मेदवार ☐ | ४. उम्मेदवार ☐ | (दुई वटा रेजा लागेको) |
| ५. उम्मेदवार ☐ | ५. उम्मेदवार ☐ | (दुई वटा रेजा लागेको) |
| ६. उम्मेदवार ☐ | ६. उम्मेदवार ☐ | (कोठा बाहीर कुनै चिन्ह वा अक्षर अंकित वा केही लेखिएको) |
| ७. उम्मेदवार ☐ | ७. उम्मेदवार ☐ ☐ | (पद संख्या भन्दा बढी रेजा लगाएको) |

द्रष्ट्रव्य :-

१. कुनै पदको मत बदर भएमा अन्य पदको सदर मतलाई बदर गरिने छैन ।

२. मतपत्रमा टानको छाप र निर्वाचन अधिकृतको सही नभएमा त्यस्तो मतपत्र बदर हुनेछ ।

३. मत सदर बदर बिषयमा कुने कठिनाई आइपरेमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

..............

(तुलसी भट्ट)

निर्वाचन अधिकृत

निर्वाचन अधिकृतको कार्यालय

**अनुसूची १**

.................................................................

**(ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) को सदस्य कायम रहेको एजेन्सीको नाम र छाप)**

**मिति : २०६८।०५।....**

**श्री निर्वाचन अधिकृत,**
ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान)
निर्वाचन अधिकृतको कार्यलय,
नक्साल, काठमाण्डौ ।

ट्रेकिङ्ग एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) को कार्यकारीणी समितिको मिति २०६८।०५।१९ गते हुन गैरहेको निर्वाचनमा यस ........................... (एजेन्सीको नाम) का अध्यक्षरप्रबन्ध संचालकरकार्यकारी संचालकरसंचालकरसाझेदाररप्रोप्राईटर पदका श्री ............................ लाई ................ पदमा उम्मेदवार हुन । प्रस्तावक रहन । समर्थक रहन । मतदान गर्न प्रतिनिधि नियुक्त गरिएको ब्यहोरा प्रमाणित गर्दछु ।

**प्रतिनिधि नियुक्त गरिएको व्यक्तिको हस्ताक्षर**

भवदीय

नाम :............................
पद : अध्यक्षरप्रबन्ध संचालकरकार्यकारी संचालकरसंचालक रसाझेदाररप्रोप्राईटर
टानको सदस्य एजेन्सीको नाम :
छाप :

.................................................................................................................

दृष्टव्य :

१. प्रतिनिधि नियुक्त पत्र लेटर हेडमा बुझिने गरी टाईप गरिएको वा लेखिएको हुनु पर्नेछ ।
२. प्रतिनिधि नियुक्त पत्रमा नियुक्त गर्ने अधिकारीले दस्तखत गरी एजेन्सीको छाप लगाईएको हुनु पर्नेछ ।
३. प्रतिनिधि नियुक्त गर्दा एजेन्सीको कम्तीमा अध्यक्षरप्रबन्ध संचालकरकार्यकारी संचालकर संचालकरसाझेदारर प्रोप्राईटर तहको संचालकलाई नियुक्त गर्नु पर्नेछ ।
४. प्रतिनिधि नियुक्त पत्र निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।
५. प्रतिनिधि नियुक्त पत्रको अभावमा उम्मेदवार हुन, प्रस्तावक रहन, समर्थक रहन र मतदानमा भाग लिन पाउने छैनन् ।

***आवश्यक जानकारीको लागि***

**ट्रेकिङ्ग एजेन्सीज एशोसिएशन अफ नेपाल**

**को**

**३१ औं वर्षिक साधारण सभाद्धारा टानको विधानमा निम्न संशोधन प्रस्ताव पारित भई जिल्ला प्रशासन कार्यलयबाट मिति २०६८।०४।१३ मा स्वीकृत विधानको दफ १० को उपदफा (९) र दफा १७ मा रहेका व्यवस्था**

## परिच्छेद तीन

## सदस्यता

| हालभएको | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| **दफा १० सदस्यहरुको वर्गिकरण:**<br>(९) साधारण सदस्यको हैसियतले कार्यसमिति वा च्याप्टर समितिका पदाधिकारी तथा सदस्यहरुको लागि हुने निर्वाचनको मतदानमा भाग लिन, उम्मेदवार हुनका लागि सदस्य एजेन्सिको सञ्चालक समितिमा रहेका व्यक्तिले मात्र हुन सक्नेछ र संघको साधारण सभा र अन्य महत्वपूर्ण बैठकहरुमा भाग लिन संघको सदस्यले आफ्नो प्रतिनिधि पठाउदा ब्यवस्थापन तह (कम्तिमा मेनेजर) हुनुपर्ने र सो प्रतिनिधि कर्मचारीले आफ्नो स्पष्ट ओहदा खुलेको परिचय पत्र प्रस्तुत गर्नु पर्नेछ। तर उनीहरुलाई मतदान प्रक्रियामा भाग लिने अधिकार हुनेछैन। | **दफा १० सदस्यहरुको वर्गिकरण:**<br>साधारण सदस्यको हैसियतले कार्यसमिति वा च्याप्टर समितिका पदाधिकारी तथा सदस्यहरुको लागि हुने निर्वाचनको मतदानमा भाग लिन, उम्मेदवार हुनका लागि सदस्य एजेन्सिको सञ्चालक समितिमा रहेका व्यक्तिले मात्र हुन सक्नेछ र संघको साधारण सभा र अन्य महत्वपूर्ण बैठकहरुमा भाग लिन संघको सदस्यले आफ्नो प्रतिनिधि पठाउदा ब्यवस्थापन तह (कम्तिमा मेनेजर) हुनुपर्ने र सो प्रतिनिधि कर्मचारीले आफ्नो स्पष्ट ओहदा खुलेको परिचय पत्र प्रस्तुत गर्नु पर्नेछ । तर उनीहरुलाई मतदान प्रक्रियामा भाग लिने अधिकार हुने छैन । | विधानको दफा १७ ले दुविधा सृजना गरेको र विधानको निर्वाचानको दफा ३३ को (ङ) ले समेत बाझिने अवस्था सृजना गराएको हुादा दफा १० को उप दफा ९ लाई नै कायम गर्ने प्रस्ताव ३१ औं वार्षिक साधारण सभामा पारित भए अनुरुप गरिएको । |
| **दफा १७. सदस्यताको प्रतिनिधित्व:**<br>क) समितिमा पदाधिकारी तथा सदस्यहरुकोलागि हुने निर्वाचनमा उम्मेदवार हुने वा मतदानमा भाग लिन, साधारण सभा वा अन्य महत्वपूर्ण बैठकहरुमा भाग लिन संघको सदस्यले आफ्नो प्रतिनिधि पठाउादा कम्तिमा उक्त कम्पनीमा एक बर्षदेखी कार्यरत र मेनेजर तहको जिम्मेवारी वहन गरेको हुनु पर्दछ।<br>ख) उपदफा (क) को लागि प्रतिनिधि पठाउदा संघको सदस्य कम्पनीको मेनेजिङ्ग डाइरेक्टर वा संचालक समितिको सदस्यको स्वीकृति पत्र हुनु अनिवार्य हुनेछ । संघको अभिलेखालयमा लिपिबद्द भई सकेको ब्यक्तिले गरिने प्रतिनिधित्वमा भने कुनै आधिकारीक पत्रको आबस्यकता पर्नेछैन। | **दफा १७. सदस्यताको प्रतिनिधित्व:**<br>क) हटाइएको | उपरोक्त कारण बमोजि खारेज गरिएको। |